## राष्ट्रिय मदरसा शिक्षा व्यवस्थापन परिषद् र सञ्चालन सम्बन्धी व्यवस्था, २०६९

१. **परिषद्को स्थापना:** (१) नेपालमा बस्ने मुस्लिम समुदायको धार्मिक तथा परम्परागत शिक्षालाई व्यवस्थित गर्दै सो समुदायका वालवालिकाहरुलाई दिदै आएको मदरसा शिक्षालाई शिक्षाको राष्ट्रिय मूल प्रवाहमा ल्याई शिक्षाको मूलधारबाट बाहिर रहेका मदरसामा अध्ययनरत तथा मदरसामा जान नसकेका मुस्लिम समुदायका वालवालिकामा शिक्षाको पहुँच पुऱ्याउन र गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक देखिएकोले,

मुस्लिम समुदायका वालवालिकाहरुलाई सो समुदायको आवश्यकता अनुरुपको शिक्षाको व्यवस्थापन र विकास गर्न तथा हाल संचालनमा रहेका मदरसाहरुलाई व्यवस्थित गर्दै धार्मिक एवम् परम्परागत शिक्षाको व्यवस्थापन गरी मदरसा शिक्षालाई राष्ट्रिय शिक्षा प्रणालीको मूलधारमा ल्याउन नेपाल सरकारले राष्ट्रिय मदरसा शिक्षा व्यवस्थापन परिषद गठन गरेको छ ।

(२) राष्ट्रिय मदरसा शिक्षा विकास परिषद् (यसपछि परिषद् भनिएको) मा देहाएका सदस्यहरु रहने छन्:

| | | |
|---|---|---|
| (क) | शिक्षा मन्त्री वा राज्य मन्त्री | अध्यक्ष |
| (ख) | मूस्लिम समुदायका प्रतिष्ठित व्यक्तिहरु मध्येबाट मन्त्रिपरिषदबाट मनोनित | उपाध्यक्ष |
| (ग) | प्रतिनिधि, राष्ट्रिय योजना आयोग | सदस्य |
| (घ) | प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| (ङ) | प्रतिनिधि, गृह मन्त्रालय | सदस्य |
| (च) | सहसचिव, उच्च तथा शैक्षिक व्यवस्थापन महाशाखा, शिक्षा मन्त्रालय | सदस्य |
| (छ) | पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक | सदस्य |
| (ज) | मदरसा शिक्षाको उत्थान र विकासमा उल्लेखनीय योगदान पुऱ्याएका मुस्लिम समुदायका व्यक्तिहरुमध्येबाट प्रत्येक विकास क्षेत्रबाट कम्तीमा एक जना पर्ने गरी दुई महिला सहित शिक्षा मन्त्रालयबाट मनोनीत छ जना | सदस्य |

(झ) महानिर्देशक, शिक्षा विभाग — सदस्य

(ञ) निर्देशक, शैक्षिक व्यवस्थापन महाशाखा, शिक्षा विभाग — सदस्य-सचिव

(३) परिषद्मा मनोनीत सदस्यहरुहरुको पदावधि बढीमा तीन वर्षको हुनेछ ।

(४.) परिषद्को बैठकमा परिषद्ले आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

२. **परिषद्को बैठक र कार्यप्रणाली** : परिषद्को बैठक र कार्यप्रणाली परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

३. **परिषद्को काम, कर्तव्य र अधिकार**:

(१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) मदरसामा अध्ययन अध्यापन गरिने पाठ्यक्रम पाठ्यपुस्तक विकास तथा लागु गर्ने बिषयमा राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन परिषद्संग समन्वय गर्ने तथा परामर्श प्रदान गर्ने,

(ख) शिक्षा नियमावली, २०५९ मा तोकिएको विद्यार्थीसंख्याका आधारमा मदरसाको अनुमति प्राप्त गर्न र मदरसा गाभ्ने विषयमा मन्त्रालयलाई सिफारिस गर्ने,

(ग) मदरसामा अध्ययनरत विद्यार्थी, शिक्षक तथा कर्मचारीको तथ्याङ्कहरु अध्यावधिक गर्ने गराउने,

(घ) मदरसाहरुलाई व्यवस्थित गरी मदरसा शिक्षालाई राष्ट्रिय शिक्षा प्रणालीको मूलधारमा ल्याई व्यवस्थित गर्न अध्ययन अनुसन्धान गरी शिक्षा मन्त्रालयलाई राय सुझाव दिने,

(ङ) मदरसा शिक्षाको विकास र उत्थानमा संलग्न सरकारी, गैर सरकारी तथा सामूदायिक संस्थाहरुसँग समन्वय गरी यस्ता संस्थाहरुको सहयोग प्राप्त गर्न सक्रिय रहने ।

(च) मदरसा शिक्षा प्रणालीलाई व्यवस्थित गर्न आवश्यकता अनुसार गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन गर्ने ।

(२.) परिषद्ले आफुले सम्पादन गर्नु पर्ने कामसँग सम्वन्धित विषयमा आवश्यकता अनुसार अध्ययन अनुसन्धानका लागि उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

४. **मदरसा सञ्चालन सम्बन्धी अन्य व्यवस्थाहरु:**

(१) नेपाली मुस्लिम समुदायको धार्मिक परम्परा, सांस्कृतिक महत्व राख्ने भाषा, साहित्यलाई पाठ्यक्रममा समावेस गरी सो लगायत अन्य सामुदायिक विद्यालयमा सञ्चालन हुने पाठ्यक्रम पाठ्यपुस्तक पठन पाठन गर्ने व्यवस्था मदरसाहरुमा संचालन गरिनेछ ।

(२) यो व्यवस्था प्रारम्भ हुँदाका वखत सञ्चालनमा रहेका र प्रारम्भ भएपछि अनुमति लिने मदरसालाई अनुमति दिने आधार शिक्षा नियमावली, २०५९ द्वारा तोकिएको विद्यार्थी संख्या हुनेछ र विद्यार्थी संख्या नपुग्ने मदरसा अन्य मदरसामा गाभ्ने व्यवस्था गरिनेछ ।

(३) मदरसामा अध्ययन गर्ने विद्यार्थीलाई अन्य सामुदायिक विद्यालयका विद्यार्थीले पाएसरहको छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

(४) सार्वजनिक शैक्षिक गुठीको रुपमा अनुमति प्राप्त गरी सञ्चालित मदरसा भएमा त्यस्ता मदरसालाई समेत शिक्षण अनुदान र सामुदायिक विद्यालयलाई दिइने विद्यालय सुधार योजनामा आधारित गैर-तलवी अनुदान (नन ग्रान्ट स्यालरी) को व्यवस्था गरिनेछ ।

(५) सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालित मदरसाका विद्यार्थीलाई सामुदायिक विद्यालयका विद्यार्थी सरह पाठ्यपुस्तक, छात्रवृत्ति र शिक्षा मन्त्रालयले तोकेबमोजिम खाजाको व्यवस्था गरिनेछ ।

(६) सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालित मदरसाको शिक्षकको योग्यता प्रचलित शिक्षा नियमावली प्रतिकूल नहुनेगरी परिषदको सिफारिसमा शिक्षा मन्त्रालयद्वारा तोकिनेछ ।

५. **परिषद्को कार्यालय:**

(१) परिषद्को कार्यालय/सचिवालय शिक्षा विभागमा रहनेछ ।

(२) परिषद्को दैनिक प्रशासन सञ्चालन सदस्य सचिवको प्रत्यक्ष निर्देशनमा शिक्षा विभागको सम्बन्धित शाखाले गर्नेछ ।

६. **अध्यक्षको काम, कर्तव्य र अधिकार :**

**(क.)** परिषदसंग सम्बन्धित जुनसुकै विषय वा कार्यको निरिक्षण तथा जाँचवुझ गर्ने वा गर्न लगाउने ।

**(ख.)** परिषदसँग सम्वन्धित जुनसुकै विषयमा परिषदका कुनै पदाधिकारी वा कर्मचारीलाई आवश्यक निर्देशन दिने ।

७. **उपाध्यक्षको काम, कर्तव्य र अधिकार:**

(क) मदरसा परिषदको नीति निर्माण गर्ने सम्बन्धमा शिक्षा मन्त्रालयलाई सहयोग गर्ने,

(ख) मदरसा परिषद तथा अन्य सरकारी निकायका बीच समन्वय कायम गर्ने,

(ग) परिषदमा पेश गर्नुपर्ने प्रस्तावहरु तयार गर्न लगाउने,

(घ) अध्यक्षको अनुपस्थितिमा परिषदको अध्यक्षता ग्रहण गर्ने ।

८. **सदस्य सचिवको काम, कर्तव्य र अधिकार:**

परिषद्को सदस्यसचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) परिषद्को निर्णय प्रमाणीकरण गर्ने,

(ख) परिषद्को निर्णय गर्ने, गराउने,

(ग) बैठकको विषयवस्तु तयार गर्ने गराउने,

(घ) अध्यक्ष तथा उपाध्यक्षको निर्देशनमा परिषद्को प्रशासनिक व्यवस्था मिलाउने,

(ङ) परिषद्को वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने, गराउने,

(च) परिषद्को प्रतिवेदनको मस्यौदा तयार गर्ने,

(छ) परिषद्को तर्फबाट नेपाल सरकार तथा अन्य संघ संस्थामा प्रतिनिधित्व गर्ने,

(ज) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

९. **उपाध्यक्षको पारिश्रमिक तथा सुविधा :**

(१) उपाध्यक्षले बैठक बसेका दिनको नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीका पदाधिकारीले पाए सरहको बैठक भत्ता र नियमानुसारको यातायात खर्च पाउनेछन् ।

१०. **मनोनीत सदस्यको पारिश्रमिक तथा सुविधा:**

(१) परिषद्का मनोनीत सदस्यले बैठक बसेका दिनको नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीका पदाधिकारीले पाए सरहको बैठक भत्ता र नियमानुसारको यातायात खर्च पाउनेछन् ।

(२) परिषद्का सदस्यले परिषद्को बैठकमा भाग लिने र परिषद्ले तोके बमोजिमका अन्य कार्य गर्नेछन् ।

११. **अन्य पदाधिकारीको सुविधा** :-

परिषद्का अध्यक्ष, अन्य पदाधिकारी तथा कर्मचारीहरुले बैठक लगायतका कार्यक्रममा भाग लिंदा नियमानुसारको सुविधा प्राप्त गर्नेछन् ।

१२. **कोष:**

(१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) परिषद्को कोषमा देहायका रकम रहने छन्:

(क) नेपाल सरकारबाट परिषद्लाई प्राप्त रकम,

(ख) स्वदेशी संघ संस्था वा व्यक्तिबाट परिषद्लाई प्राप्त सहयोग वा अनुदान,

(ग) विदेशी सरकार, अन्तराष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) अन्य कुनै श्रोतबाट परिषद्लाई प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) अन्तर्गतको रकम प्राप्त गनु अघि परिषद्ले नेपाल सरकार को पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम परिषद्लाई प्राप्त हुने रकम बैक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम क वर्गको इजाजत प्राप्त कुनै बैकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(५) परिषद्को नामबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) परिषद्को कोषको सञ्चालन शिक्षा विभागको आधिकारिक पदाधिकारी र विभागको लेखाको काम गर्ने अधिकृत कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(७) अन्य आर्थिक कार्य प्रणाली प्रचलित कानून बमोजिम हुनेछ ।

१३. **लेखा र लेखापरीक्षण:**

(१) परिषद्को आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) परिषद्को लेखापरीक्षण महालेखा परीक्षको विभागबाट हुनेछ ।

(३) नेपाल सरकारले कोषको आय व्ययका लेखा तत्सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत जाँच गर्न वा गराउन सक्नेछ ।

१४. **परिषद्को कर्मचारी:**

(१) परिषद्को दैनिक कार्य सञ्चालनको लागि आवश्यक कर्मचारी शिक्षा विभागले व्यवस्था गर्नेछ ।

१५. **उपसमिति वा कार्यदल गठन गर्नसक्ने:**

(१) कुनै विशेष प्रयोजनको लागि परिषद्ले निश्चित कार्यावधि तोकी उपसमिति वा कार्यदल गठन गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उपसमिति वा कार्यदलको काम वा कार्यक्षेत्रगत शर्त वा सुविधाका विषयमा त्यसरी उपसमिति वा कार्यदल गठन गर्दाका बखत परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. **परिषद्को कामको प्रतिवेदन:**

परिषद्ले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१७. **नेपाल सरकारसँग सम्पर्क:**

परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा शिक्षा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१८. **अधिकार प्रत्यायोजन:**

परिषद्ले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार उपसमिति, कार्यदल, अध्यक्ष, उपाध्यक्ष, सदस्य, वा सदस्य सचिव मध्ये कसैलाई प्रत्यायोजन गर्न सक्नेछ ।